दुल्लू नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

## दुल्लू, दैलेख

कर्णाली प्रदेश, नेपाल

**दुल्लू नगरपालिकाका १३ वटै वडामा रहेका ३९ वटा आधारभूत विद्यालयहरुमा ईन्टरनेट सेवा जडान गर्ने कार्यका लागि प्रस्ताव आव्हान गरिएको सूचना**

**प्रथम पटक सूचना प्रकाशन मिति २०८०/०६/२२**

WORKS | NCB | DM | 09 | 080 | 81

यस दुल्लू नगरपालिकालाई नेपाल दूरसंचार प्राधिकरणको ग्रामीण दूरसंचार विकास कोषबाट नगरपालिकाका आधारभूत विद्यालयहरुमा ईन्टरनेट सेवा तथा Asia Pacific Community बाट सूचना तथा संचार प्रविधि सेवाको लागि सहयोग प्राप्त भएको हुँदा देहाय बमोजिमका शर्तहरु पालना गर्ने गरी ईच्छुक संघ संस्था फर्म वा कम्पनीहरुबाट फर्म नवीकरण भएको प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र र आ.व. २०७८/७९ को कर चुक्ता प्रमाणपत्र र कार्यसंग सम्बन्धित अन्य कागजातहरु समेतका कागजात संलग्न राखी एकल वा संयुक्त रुपमा यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र छुट्टा छुट्टै प्राविधिक र आर्थिक प्रस्ताव आव्हान गरिएको व्यहोरा सम्बन्धित सबैको जानकधारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

शर्तहरुः

१. सूचना तथा संचार प्रविधिमा आधारित सेवा स्थापना, संचालन तथा मर्मत सम्भारमा अनुभव भएको,
२. प्रस्ताव गर्ने संस्थाले स्वयं वा नेपाल दूरसंचार प्राधिकरणबाट विधिवत् रुपमा ईन्टरनेट सेवा प्रदायकसंग साझेदारीमा ईन्टरनेट सेवा प्रदान गर्ने,
३. ITU-L.110 वा G.652D फाईबर व्याकबोनको जडान र संचालन भएको अनुभव भएको,
४. Electronic building archival system, Electronic Health Record र Module based learning management system मा तालिम दिने,
५. सेवा प्रदायकले आफ्नै खर्चमा नगरपालिका, वडा कार्यालय, स्वास्थ्य संस्था लगायत नगरपालिकाले सिफारिस गरेको अन्य स्थानहरुमा थप नेटवर्क संजाल खडा गरी सेवाप्रदान गर्न तयार हुने,
६. नगरपालिकाको सूचना तथा संचार प्रविधि लगायत ईन्टरनेट संजालको व्यवस्थापन तथा मर्मतमा कम्तीमा पनि एक प्रतिनिधि नगरपालिकामा राख्नु पर्ने,
७. स्थापना गरिएको संजालबाट हुने अम्दानीबाट केही रकम नगरपालिकाको सूचना तथा संचार प्रविधिमा आधारित कार्यहरुमा खर्च गर्नुपर्ने,
८. नेपाल दुरसंचार प्राधिकरणको ग्रामीण दुरसंचार विकास कोषबाट प्राप्त रकमबाट पालिका अन्तर्गत ३९ वटा आधारभूत विद्यालयहरुमा ईन्टरनेट सेवा प्रदान गर्ने,
९. रीत नपुगी वा म्याद नाघी आएका वा अन्य शर्त राखी पेश हुन आएका प्राविधिक र आर्थिक प्रस्तावहरु उपर कुनै कारवाही हुने छैन,
१०. प्राविधिक र आर्थिक प्रस्ताव पूर्ण रुपमा स्वीकार गर्ने वा नगर्ने अधिकार यस कार्यालयमा निहित रहनेछ,
११. यसमा उल्लेख भएकोमा यसै बमोजिम र उल्लेख नभएको हकमा सार्वजनिक खरिद ऐन २०६३ र सार्वजनिक खरिद नियमावली २०६४ का साथै अन्य प्रचलित कानून बमोजिम हुनेछ।
१२. ईच्छुक संस्थाहरुले कम्पनी दर्ता प्रमाण पत्र, भ्याट दर्ता प्रमाण पत्र र रु. १०००। (अक्षरुपी रू एक हजार मात्र) तिरी Terms of Reference यस नगरपलिकाको योजना अनुगमन तथा तथ्याङ्क शाखाबाट प्राप्त गर्न सकिनेछ।
१३. थप जानकारीका लागि कार्यालय समयभित्र कार्यालयको टेलिफोन नं. ०८९-४११०३८ मा सम्पर्क राख्न सकिनेछ। यो सूचना यस कार्यालयको website www.dullumun.gov.np मा समेत हेर्न सकिनेछ।

(ज्ञानमणि नेपाल)
प्रमुख प्रशासकीय अधिकृत